हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
बर्ष : ०१ अंक : ४५ पृष्ठ : ४ २०७७ भदौ १३ गते शनिबार (Saturday 29 August 2020) www.lahanpost.com मूल्य रु. ५|-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।
लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

## शनिबार विशेष

# खेलकुदको 'जग' बसाउँदै गोलबजार नगरपालिका





पूर्व पश्चिम राजमार्गले दुई भागमा छुट्टयाएको गोलबजार जिल्लामै व्यवस्थित र बढ्दो शहरीकरण उन्मुख नगरपालिकाको रुपमा चिनिन्छ । गोलबजार सिरहा सदरमुकाम र २०३२ मा स्थापित पुरानो नगरपालिका लहानको बीच भागमा पर्ने भएकाले पनि यस बजारलाई महत्वपूर्ण मानिन्छ । जिल्लामै 'मध्य विन्दु'मा पर्ने गोलबजारले नगरपालिका स्थापना भएपछि विकासमा तिब्रता लिएको छ ।

गोलबजारले जिल्लामै पहिलो पटक खेलकुद क्षेत्रको लागि स्टेडियम (खेलग्राम) निर्माण थालेको छ । नगरपालिकाले २ नम्बर वडास्थित गुरुधाममा ५२ विघा क्षेत्रफलमा फैलिएको जग्गामा खेलग्राम निर्माण थालेको छ । ७ विघा जग्गामा यसवर्ष स्टेडियम निर्माण थालिएको हो। पूर्वाञ्चल खेलकूद विकास समितिको ३१ लाख रूपैयाँ लगानीमा प्याराफिट निर्माण गरिएको छ । त्यसैगरि दक्षिणतिरबाट प्रदेश सरकारको ६५ लाख रूपैयाँ लागत अनुदान र नगरपालिकाको १५ लाख रूपैयाँको साझेदारीमा प्याराफिट निर्माण थालिएको छ । यसवर्ष ६५ लाख रूपैयाँ मध्ये ३४ लाख रूपैयाँ निकासा भएको थियो । 'एक स्थानीय तह एक खेलग्राम' योजना अन्तर्गत खेलग्राम निर्माण थालिएको नगरपालिकाले जनाएको छ । खेलग्रामलाई तारजालीले घेराबेरा गरिएको छ ।

त्यसैगरी ९० लाख रूपैयाँ लागतमा गोलबजार नगरपालिका-४ स्थित कवर्डहल निर्माण गरिएको छ । नगरपालिकाले खेलकुद क्षेत्रको विकासका लागि प्रशिक्षक नियुक्त गरिएको छ । जिल्लामा कुनैपनि स्थानीय तहले खेलकुद प्रशिक्षक नियुक्त गरेका छैनन् ।

खेलकुद क्षेत्रमात्र होइन नगरपालिकाले नगर क्षेत्रभरि १४ किलोमिटर कालोपत्रे सडक निर्माण गरेको छ । अब नगर क्षेत्रका वडा नम्बर ११, १२ र १३ मात्र कालोपत्रे सडक सञ्जालले जोडिन बाँकी छ । यसवर्ष ती वडा पनि कालोपत्रे सडक सञ्जालले जोडिने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले वडा नम्बर ६ मा १७ करोड लागतमा ५ तले प्रशासनिक भवन निर्माण थालेको छ ।

**गोलबजारको विगत**

स-साना झुपडीले झुरुप्प घेरिएको ग्रामीण बजार थियो 'गोलबजार' । पञ्चायत कालसम्म गोलबजारले बजारको रूप लिन सकेको थिएन । बरु चार किलोमिटर परको ग्रामीण ठाउँ बल्कावाले पुरानो बजारको रूप लियो । त्यसैले पनि गोलबजार ओझेलमा परेको थियो ।

गोलबजार २०२१ वैशाख २७ मा स्थापना भएको हो । पहिलो प्रधानपञ्च स्थानीय गोकर्ण बहादुर गौतम, आनन्द प्रसाद गौतम, ताराबहादुर विष्ट, शिवबहादुर विष्ट, सूर्या साह हलुवाई, दशरथ यादव, अमृत यादव, बलदेव महतो, रामप्रसाद साह सुडी, रामप्रताप लामा, इन्द्र लामा, निल बहादुर गौतम, विशेश्वर दाहाल, सिताराम लामा लगायतका व्यक्तित्वहरु सहित कक्षा ७ मा हालका नगरपालिका मेयर देवनाथ यादवले गोलबजार नगरपालिका नामाकरण गरी बजार स्थापना गरेका हुन ।

२०२१ सालमा स्थापना भएपनि गोलबजारको शहरीकरण भने २०३८ सालबाट सुरु भएको हो । सुरुमा ससाना छाप्रोबाट सुरु भएको गोलबजारको तीव्र शहरीकरणतर्फ उन्मुख छ । साविक असनपुर, आशेपुर बल्कवा, बेतौना, लालपुर, मुक्सार, जमदह, चन्द्रलालपुर, चन्द्रोदयपुर समेटेर २०७१ मंसिर १६ मा नगरपालिकाको रूपमा घोषणा भएको हो । त्यसको २ वर्षपछि साविकको दुर्गापुर गाविस जोडेर हाल नगरपालिकामा १३ वडा छन् ।

२०६८ को जनगणना अनुसार करिब ५३ लाख जनसंख्या रहेको

बाँकी २ पेजमा

## 'गोलबजारलाई जिल्लामै 'नमूना' बनाउँछु'




*स-साना झुपडीले झुरुप्प घेरिएको ग्रामीण बजार थियो 'गोलबजार' । पञ्चायत कालसम्म गोलबजारले बजारको रूप लिन सकेको थिएन । बरु चार किलोमिटर परको ग्रामीण ठाउँ बल्कावाले पुरानो बजारको रूप लियो । त्यसैले पनि गोलबजार ओझेलमा परेको थियो ।*

*२०४७ सालमा बहुदल स्थापनापछि गोलबजारले धिमे गतिमा बामेसर्ने प्रयास गर्‍यो । २००७ सालमा जन्मिएका देवनाथ साहले गोलबजारलाई व्यापारीक केन्द्र बनाउने लक्ष्य लिई व्यापारीहरूलाई संगठित गरी २०४७ सालमा गोलबजार उद्योग व्यापार संघको गठन गरे । संस्थागत अध्यक्ष रहेका उनले संघलाई २०५१ सालमा विधिवत रूपमा दर्ता गरी बजारसँगै व्यापार विस्तार कामलाई २०६४ सालसम्म निरन्तर अघि बढाए ।*

*व्यापार संघको पहलमा २०५२ सालमा पहिलो पटक मैले भिएचएफ टेलिफोन जडान गरी गोलबजारवासीलाई सञ्चार सुविधाको पहुँचमा पुर्‍याए । भिएचएफ टेलिफोनबाट त्यतिखेर ८० हजार रूपैयाँ आम्दानी गर्‍यो । त्यो आम्दानी रकमले गोलबजारमा क्याम्पस स्थापनाका लागि विद्यालयलाई हस्तान्तरण गरिदिए । म आफू विद्यालयको व्यवस्थापन समितिका सदस्यमा बसें । २० वर्षसम्मे विद्यालय व्यवस्थापन समितिमा रहेर काम गरे । पछि क्याम्पस सञ्चालक समितिको सदस्य बने ।*

*व्यापार संघको खातामा चार लाख रूपैयाँ जम्मा भएपछि अतिथि सदन निर्माण सुरु गरे । त्यही धर्मशाला गोलबजारको कार्यक्रम, विवाह बट्टल लगायत विभिन्न संघसंस्थालाई तालिम, गोष्ठी गर्ने थलो बनेको छ । सानो ग्रामीण बजारबाट बजारीकरणमा परिणत भएको गोलबजारका ८ सय घरधुरीलाई त्यतिखेर*

बाँकी ४ पेजमा

# कोरोना संक्रमितको शव व्यवस्थापनमा स्थानीयको अवरोध

*मृतकको संख्या ६ पुग्यो*

लहान । सिरहाको सुखीपुर नगरपालिका-८ का ६५ वर्षीय एक वृद्धको बिहीबार धरानमा कोरोना भाइरस( कोभिड-१९)को संक्रमणबाट मृत्यु भयो । उनको शव स्थानीय प्रशासनले शुक्रबार १० बजे मृतकको नगरपालिका पुर्‍याए । सोही नगरपालिकाका मेयरसहित प्रहरी प्रशासन शव व्यवस्थापन गर्न पुगेका थिए । तर, स्थानीयले त्यहाँ शव व्यवस्थानमा अवरोध गर्न खोजे । अवरोधले ६ घण्टा सम्म शवलाई खोलामै एम्बुलेन्स भित्रै राख्नुपरेको थियो । सोही क्रममा प्रहरीसँग स्थानीयको झडप समेत भयो । मृतकको शव शुक्रबार बिहान ल्याइएपछि सुखीपुर- ८ मा पर्ने महदेवा, दहीपौडी जाने बाटोमा सेनाको टोलीले व्यवस्थापन गर्ने तयारी गरेपछि स्थानीय युवाहरूले मृतकको पुरानै गाउँ लगेर व्यवस्थापन गर्न माग गर्दै अवरोध गरेका थिए । जसका कारण पहिलो खाल्डो खनेको ठाउँमा स्थानीयको अवरोधका कारण शव व्यवस्थापन हुन सकेन । अवरोधपछि अर्को खाल्डो खनियो । त्यसपछि जिल्लाका विभिन्न स्थानबाट मगाइएका नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको कडा सुरक्षाघेरामा शुक्रबार अपराह्न साढे ४ बजे शव व्यवस्थापन गरिएको छ । स्थानीय कृष्णमोहन चौधरीका अनुसार सुखीपुरका जनप्रतिधि र सुरक्षाकर्मीले सम्झाउने प्रयास गरेपनि नमानेपछि सयौं प्रहरी परिचालन गरी सुखीपुर- ३ र ८ को सीमा क्षेत्रमा व्यवस्थापन गरिएको हो ।

उच्च रक्तचाप र क्षयरोग भएर १८ महिना औषधि सेवन गरेका मृतकलाई श्वास-प्रश्वासमा समस्या भएपछि ६ भदौमा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको मेडिकल वार्डमा भर्ना गरिएको थियो । भर्ना भएपछि स्वाब संकलन गरेर पिसिआर परीक्षण गर्दा ८ भदौमा कोरोना संक्रमण पुष्टि भएको थियो । यसअघि मृत्यु भएका चारजनाको सम्बन्धित स्थानीय तहको समन्वयमा मृतकका परिवारको सहमतिमा सेनाकै टोलीले शव व्यवस्थापन गरेको, तर सुखीपुरमा मापदण्ड पुर्‍याएर शव

बाँकी ४ पेजमा

**फोहोर मैला व्यवस्थापन : कसको हो दायित्व ?**

स्तम्भ : पालिका बहस

पेज ४ मा

## हार्दिक शुभकामना



सिरहाको लहानबाट "लहान पोस्ट" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

**श्याम साह (भोरेभोर)**
अध्यक्ष, लहान सुनचाँदी व्यवसायी संघ

# सांसद पदम नारायण चौधरीद्वारा प्याक्टमा भएको अनियमिततामा संलग्नलाई कारवाहीको माग



लहान । कांग्रेस नेता एवं प्रतिनिधि सभाका सांसद पदमनारायण चौधरीले विश्व बैंकमार्फत किसानको नाममा आएको ठूलो अनुदान रकम दुरुपयोग भएको प्रमाणित हुँदा पनि त्यसमा संलग्न व्यक्तिहरुलाई कारवाही नभएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

कांग्रेस नेता एवं सांसद चौधरीले बिहीबार विज्ञप्ति जारी गरेर विश्व बैंकको सहयोगमा सञ्चालित व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट)मा भएको व्यापक अनियमितताको विश्व बैंकले आफै छानबिन गरि दोषीलाई कारवाही गर्न नेपाल सरकारका अर्थ मन्त्रीलाई पठाएको पत्रले देशको गरिमामा नै आँच आएको बताए ।

विज्ञप्तीमा उनले भनेका छन्, 'किसानको नाममा आएको ठूलो अनुदान रकम राजनीतिक पहुँचको आधारमा आफ्ना निकट व्यक्तिहरुलाई वितरण गरिएको र नक्कली कृषि फर्म देखाएर लाभ लिने जस्ता घृणित कार्यको विश्व बैंकको अनुसन्धानले पुष्टि गरेको छ ।' सरकारले यस विषयमा छानविन गरेर दोषीलाई दण्डित गर्ने अग्रसरता नदेखाउनु सरकार दोषीलाई बचाउनेतर्फ लागि परेको प्रष्ट देखिएको सांसद चौधरीको आरोप छ ।

बाँकी ४ पेजमा

**नेपाली काँग्रेस**
**संघीय संसद, संसदीय दलको कार्यालय**

१७७-१-४२०००७८, ४२००१७७, ४२००२००, ४२०००१५
फ्याक्स : १७७-१-४२००१३६
email : ncparliamentary@gmail.com
संघीय संसद भवन
सिंहदरबार, काठमाडौं

(समन्वय समिति, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय)

भाद्र ११, २०७७

**प्रेस विज्ञप्ति**

विश्व बैंक मार्फत किसानको नाममा आएको ठूलो अनुदान रकम दुरुपयोग भएको प्रमाणित हुँदा पनि त्यसमा संलग्न व्यक्तिहरुलाई कारवाही नभएको प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

विश्व बैंकको सहयोगमा सञ्चालित व्यवसायीक कृषि तथा व्यापार आयोजना (प्याक्ट) मा भएको व्यापक अनियमितताको विश्व बैंकले आफै छानविन गरी दोषीलाई कारवाही गर्न नेपाल सरकारका अर्थ मन्त्रीलाई पठाएको पत्रले देशको गरिमामा नै आँच आएको छ ।

किसानको नाममा आएको ठूलो अनुदान रकम राजनीति पुहँचको आधारमा आफ्ना निकट व्यक्तिहरुलाई वितरण गरिएको र नक्कली कृषि फर्म देखाएर लाभ लिने जस्ता घृणित कार्यको विश्व बैंकको अनुसन्धानले पुष्टि गरेको छ । तर सरकारले यस विषयमा छानविन गरेर दोषीलाई दण्डित गर्ने अग्रसरता नदेखाउनु सरकार दोषीलाई बचाउने तर्फ लागि परेको प्रष्ट देखिन्छ ।

स्वयं विश्व बैंकले कृषि क्षेत्रमा गरेको सहयोगमा भएको व्यापक अनियमितता तथा भ्रष्टचार गर्ने पदाधिकारीहरुको नाम समेत किटानी गरी कारवाहीको लागि नेपाल सरकारको ध्यान आकृष्ट गर्दा पनि हालसम्म पनि दोषीहरुलाई कारवाही गर्न नसक्नु सरकारको निकम्मापन हो ।

एकातिर किसानहरुलाई सयममै आवश्यक मलखाद, बीउ बिजनहरु उपलब्ध गराउनु नसक्नु, अर्कोतिर भ्रष्टचारमा लिप्त हुनु, सरकारको यस किसिमको गैरजिम्मेवार र लज्जास्पद कार्यको घोर भर्त्सना गर्दछौं ।

दातृ नियकाबाट प्राप्त हुने अनुदानलाई सही रुपमा सदुपयोग गर्न र भ्रष्टचार तथा अनियमिततालाई नियन्त्रण गर्न सरकारलाई सचेत गर्दछौं । साथै तत्काल दोषीलाई कानूनी कारवाहीको जोडदार माग गर्दछौं ।

जय नेपाल !

पदम नारायण चौधरी
संयोजक
समन्वय समिति

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

# लकडाउन के का लागि र कसका लागि ?

**सरोकार**

**अम्बराज मिश्र**



हरेक राष्ट्रले आफ्नो जनताको सुरक्षार्थ बेला-बेलामा संकटको रुपमा आईलाग्ने रोग व्याधि, सुरक्षा, क्षेत्रगत महामारी, पाढी पहिरो, आगलागी लगायत दैवीय प्रकोप जस्ता अनेकन घट्नाहरुको अवस्थामा सरकारले क्षेत्रगत वा पूरा राष्ट्र नै केही समयको लागि लकडाउन (बन्दाबन्दि) गरेर परिस्थिति काबुमा आईसकेपछी सामान्य परिस्थितमा ल्याउन सक्ने हुन्छ । त्यस्तो अवस्थामा सरकारलाई साथ दिनुपर्ने जनताको कर्तव्य ठहर्छ ।

हाल, विश्वव्यापी रुपमा रहेको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण चीनबाट सुरु भई विश्वमा हालसम्ममा झण्डै ९ लाख मानवको मृत्यु भईसकेको अवस्था छ र दिनानुदिन अझ संक्रमण डरलाग्दो रफ्तारले बढ्नेक्रम जारी नै छ । हालसम्म यो महामारीको रुपमा रहेको भाइरसको रोकथाम तथा नियन्त्रणका लागि कुनै कतै औषधि बनी नसकेको अवस्था पनि छ ।

हाम्रो देशले कोरोना भाइरस रोकथाम तथा नियन्त्रण गर्न २०७६ साल चैत्र ११ गतेदेखि नै लकडाउन जारी गऱ्यो । बीचमा केही दिन खुकुलो बनाउँदा वैदेशिक रोजगारीमा गएकाहरु घर फर्किए भने खुल्ला सीमाका कारण घुसपैठ हुँदा कोरोना बिकराल रुपमा फैलिन थालेको देखिन्छ । यसरी फैलनबाट रोक्न स्थानीय सरकार तथा प्रहरी प्रशासन समेतले आ-आफ्नो क्षेत्रमा पुनः लकडाउन र निषेधाज्ञा जारी गरेको अवस्था छ ।

हाल लहान नगरपालिका र लहानस्थित प्रहरी प्रशासनको पहलमा विगत केही दिन यता पुनः लकडाउन जारी गरेको अवस्थाको वारेमा केही कौतुहलता मेट्ने प्रयास गरेको छुँ । लहान बजार पुर्णरुपमा बन्द गराउन जनतालाई लकडाउन पूर्व सुचना गराउन प्रचार प्रसार (माईकिङ्) गराईएको थियो । सूचना अनुसार लागू गराउन नगर प्रहरी, प्रहरी समेत गस्तीमा हिड्नु पर्ने अवस्था आउनु हाम्रो समाज आफैमा लज्जास्पद बोध हुन्छ ।

यो कोरोना भाइरस सरकारका पदाधिकारीहरुको लागि मात्रलाई नलागोस भन्ने उद्धेश्यले लगाएको हो भन्ने नगरबासी तथा व्यापारी वर्गको बुझाइ देखिन्छ । त्यसैले होला हाटबजार, पसलहरु आंशिक रुपमा मात्र बन्द देखिन्छन्, प्रहरी गस्ती आउँदाको बेला बन्द र गस्ती हिड्ने बित्तिक्कै पसल खुल्ला हुने चलन देखिन्छ । प्रहरी आउँदै गरेको सूचना पहिले नै ईसारा वा फोनबाट आउने गरेको आधारमा यसरि पसल खोल्ने र खोल्न लगाउनेहरुले मजाक बुझिरहेका छन । त्यसरि नै कार्यालयहरु पनि आन्तरिक काम सम्पन्न गर्ने भनी भित्र कार्यालय खोली चोरबाटोबाट आफू नजिकका ग्राहकहरुलाई बोलाई काम गरि दिने गरेको पाइन्छ । कसैको काम गरि दिने कसैको नगरि दिने लाखापाखाको नीति जबसम्म रहन्छ र पूर्णरुपले बन्द नगरि सञ्चालन गरिरहने हो भने कोरोना भाइरस कहिल्यै निमिट्यान्न पार्ने सकिन्न !

प्रहरी प्रशासनले पनि नगरभित्र रहेको हरेक चोकमा सुरक्षाकर्मी राखि नियन्त्रणमा राख्नुपर्ने हुन्छ । कार्यालयहरु पूर्णरूपमा बन्द गराईनुपर्छ, होटलहरु बन्द नै रहनुपर्छ । अति आवश्यकको नाममा हरेक सामानहरु ठेलागाडीहरु, रिक्साहरु, निजी गाडीहरु, मोटरबाईकहरु सञ्चालनमा रोक लाग्दैन तबसम्म कोरोना संक्रमणको जोखिम रहि नै रहन्छ ।

हुनेखाने र हुँदा खानेको बीचको दूरि फराकिलो छ, हुनेखानेले जतिखैरे, जसरी पनि आफ्नो कार्य सिद्धि गरेकै देखेरै अरूले पनि अधिकार प्रयोग गर्न खोजेको हो जस्तो लाग्छ । अहिले सुरक्षाकर्मीहरुमा पनि संक्रमणको जोखिम देखिएको विभिन्न सञ्चार माध्यमबाट जानकारी भईरहेकै छ । प्रहरीहरुले पनि आ-आफ्नो सामाजिक दूरी कायम राख्नुपर्ने, कर्मचारीहरुले पनि यात्रा गर्दा वा कार्यालयमा बस्दा सामाजिक दूरी कायम राखि दिने गर्नाले पनि देखासिकी गरेर भए पनि संक्रमण नियन्त्रणमा ल्याउन सकिन्थ्यो होला ।

लकडाउन मानव हितको लागि हो, समुदाय जोगाउनको लागि हो, बिनाशकारी अबस्था आउन नदिनको लागि हो, क्षमता प्रदर्शनको लागि हो, स्वस्थ र मस्त रहनका लागि हो । र, यो सरकारका लागि वाध्यात्मक पनि हो ।

लकडाउन जनतादेखि सरकारसम्मका सबै तहका लागि हो, सरकारका पदाधिकारीलाई संक्रमण नलाग्ने र बिपक्षी तथा जनताहरुलाई मात्र लाग्ने यो व्याधि होईन ! अझ भन्ने हो भने स्वास्थ्कर्मी, सुरक्षाकमीहरु बढी जोखीममा छन, यिनको मनोबल उच्च राख्न सभ्य जनता भएर सहयोग गर्नु हाम्रो दायित्वमा पर्दछ ।

होईन भने यसरी बर्सौं लकडाउन गरिरहँदा पनि कोरोना भाइरस रोकथाम हुनमा शंका नै छ ।

त्यसैले भन्नै पर्ने हुन्छ : लकडाउन के का लागि र कस्का लागि भनेर आफूले आफैलाई प्रश्न गरौ र उत्तर पनि आफै दिऔ ।

# फोहोर मैला व्यवस्थापन : कसको हो दायित्व ?

## पालिका बहस

### विष्णु पाण्डे



वातावरण संरक्षण ऐन २०५३ ले दिएको अधिकार प्रयोग गरि बनेको फोहोर मैला व्यवस्थापन ऐन २०६८ ( यसपछि ऐन भनिने) लागू भएको ८ वर्ष बितिसक्दा पनि फोहोर मैला व्यवस्थापनमा तात्विक परिवर्तन नआउँदा र तत् सम्बन्धमा सरोकारवालाबाट अझै पनि कुनै ठोस कार्य योजना सार्वजनिक नहुँदा आम नागरिक चिन्तित मात्र हैन दिग्भ्रमित भएका छन् । जुन समयमा पश्चिमा राष्ट्रहरु समेत फोहोर मैला व्यवस्थापनमा अलमलमा थिए हामी त्यति बेला फोहोर मैला व्यवस्थापनमा अब्बल थियौ । सन् १९१९ मा चन्द्र शम्शेरको पालामा फोहोर मैला व्यवस्थापन गर्न सफाइ अड्डा गठन गरिएको थियो । अधिकांश फोहोरहरूलाई खाल्डो (जसलाई सागा र नौगा भनिन्थ्यो) मा पुरेर जैविक मलमा रुपान्तरण गरिन्थ्यो र खेतबारीमा विसर्जन गरिन्थ्यो या त अन्य किसानलाई बिक्री गरिन्थ्यो । तर आज फोहोर मैला व्यवस्थापन हामीलाई किन फलामको चिउरा चपाएसरि हुन पुग्यो त् ? कारणहरु यस्ता छन् ।

१. रासायनिक र बिधुतीय युगको आगमनसँगै फोहोर मैलाको प्रकृतिमा पनि भारी बदलाव आयो र अब सम्पूर्ण फोहोरहरूको व्यवस्थापन प्राकृतिक उपचारले मात्र सम्भव नहुने भयो ।

२. जब स्थानीय निकायहरूको गठन वा पुनर्गठन भए र ऐनले फोहोर मैला व्यवस्थापनमा स्थानीय तहलाई जिम्मेवार निकाय बनायो तब आम नागरिकमा फोहोर मैला व्यवस्थापन नितान्त स्थानीय तहको दायित्व हो भन्ने बुझाइ भयो ।

३. स्थानीय तहको क्षमता वृद्धि हुन नसक्दा प्रविधि र प्राविधिक ज्ञानको अभावमा स्थानीय तह आफैमा अन्यौलता सिर्जना भयो ।

**फोहोर मैला व्यवस्थापन गर्ने दायित्व आखिर कसको हो त भन्नेमा कानुनले के भन्छ त्यस बारे केही चर्चा गरौँ ।**

ऐनको दफा ३ मा फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ लेखिएको छ । त्यसैले फोहोर मैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुइमत छैन । तर ऐनको दफा ५ मा आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहोर मैला विसर्जन वा पुनःप्रयोगको व्यवस्था मिलाई बाकी फोहोर मैला मात्र निष्कासन गरि फोहोर मैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकाएको कर्तव्य हुनेछ पनि भनिएको छ । अर्थात् मेरो घर बाट निस्केको विसर्जन हुन सक्ने वा पुनःप्रयोग हुन सक्ने फोहोरलाई व्यवस्थापन गर्ने दायित्व मेरो हुन आउँछ । र, बाँकी फोहोर मात्रै निष्कासन गर्नु पर्ने हुन्छ ।

उदाहरणको लागि कुहिने फोहोरलाई जैविक मल वा बायो ग्यासमा रुपान्तरण गर्ने, प्लास्टिक झोलाको सट्टा वैकल्पिक झोला वा पुनःप्रयोग गर्न मिल्ने प्लास्टिककै झोलाको प्रयोग गरि फोहोरको परिमाण लाई घटाउने हरेक घरधुरीको दायित्व हुन जान्छ । यधपी यसको अर्थ के हैन भने घरायसी स्तरमा व्यवस्थापन गर्न सकिने फोहोर व्यवस्थापनमा स्थानीय तहको कुनै भूमिका नै रहँदैन । किनभन्दा स्थानीय तहले फोहोरमैलालाई कम्तीमा पनि जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्ट्याउने गरि तोक्नु पर्ने दफा ६ मा उल्लेख छ भने आवश्यक निर्देशिका बनाई फोहोर मैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनः चक्रिय प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने प्रावधान दफा १० मा उल्लेख छ । फोहोमैला विभिन्न प्रकृतिका हुने र त्यसको व्यवस्थापनको विधि र प्रविधि पनि भिन्नाभिन्नै हुने हुनाले फोहोर मैलालाई स्रोत मै पृथकीकरण गर्नुपर्ने र त्यसो हुँदा घरबाट वर्गीकृत गरि राखिएको फोहोरलाई छुट्टाछुट्टै संकलन एवं उपचार गर्ने व्यवस्था लागू नभएसम्म फोहोर व्यवस्थापनका प्रयासहरु असफल हुने प्राय निश्चित छ ।

तर स्वास्थ्य संस्थाजन्य फोहोर र औद्योगिक फोहोरको हकमा भने उत्सर्जनकर्ता स्वयंलाई पूर्ण जिम्मेवार बनाएको छ ऐनले । यस्तो फोहोर मैला व्यवस्थापनमा पनि स्थानीय तहले सशुल्क सहयोग भने गर्न सक्ने प्रावधान ऐनले राखेको छ । यस्ता फोहोरलाई स्रोतमै पृथकीकरण गरी प्रशोधन पश्चात् मात्र निष्कासन गर्न पाइने र यसको लागि अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा स्थानीय तहबाट स्वीकृति लिनु पर्ने, स्वीकृति दिंदा नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए र नभएको एकिन गरि सशर्त स्वीकृति दिनु पर्ने, स्वीकृत बमोजिम काम भए नभएको अनुगमन गर्नुपर्ने लगायतका प्रावधान विद्यमान कानुनमा छ । यसो हुँदा स्थानीय तह र स्वास्थ्य संस्था र उद्योग प्रतिष्ठान बीच सहकार्य र समन्वय नभएसम्म स्वास्थ्य संस्था जन्य फोहोर र औद्योगिक फोहोरको दीगो एवं वातावरण मैत्री व्यवस्थापन हुन नसक्ने देखिन्छ ।

ऐन बमोजिम स्थापना भएको फोहोर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र एक यस्तो अर्को जिम्मेवार निकाय हो जसले फोहोर मैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहायता पुऱ्याउनु पर्ने कानुनी प्रावधान छ । फोहोर मैला ब्यबस्थापनको लागि उपयुक्त प्रविधिको विकास, विस्तार तथा प्रचार प्रसार गर्नुपर्ने तथा स्थानीय तहको क्षमता अभिवृद्धि गराउने दायित्व पाएको उक्त केन्द्र र स्थानीय तह बीच समन्वय र सहकार्यको अभावले होला सायद प्राविधिक रूपमा सरल भएता पनि जटिल बन्न गएको छ फोहोर मैला व्यवस्थापन ।

स्थानीय तहले प्रचलित कनुनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको साझेदारीमा फोहोर मैला व्यवस्थापनको कार्य गर्न सक्ने विद्यमान कानुनमा उल्लेख भएता पनि यस्ता क्षेत्र पहिचान गरी परिचालन गर्न नसक्नु स्थानीय तहको कमजोरी देखिन्छ ।

स्थानीय तहले फोहोर मैला व्यवस्थापनको लागि पर्याप्त बजेट र जनशक्ति परिचालन गर्न नसक्दा फोहोर मैला व्यवस्थापनले अपेक्षित नतिजा हासिल गर्न नसकेको एसियाली विकास बैंकको सन् २०13 को प्रतिवेदनमा उल्लेख छ । अधिकांश स्थानीय तहले कुल बजेटको १० प्रतिशत भन्दा कम बजेट सरसफाइलाई छुट्ट्याउने गरेका छन् । जसको ६०-७० प्रतिशत गल्ली बढार्न र संकलनमा, २० प्रतिशत देखि ३० प्रतिशत ढुवानीमा र बाँकी मात्र अन्तिम विसर्जनमा खर्च हुने गरेको उक्त प्रतिवेदनमा उल्लेख छ ।

फोहोर मैला व्यवस्थापनमा स्थानीय तहको क्षमता माथि प्रश्न उठाई रहँदा तत्कालीन हेटौडा र भरतपुर नगरपालिकाले प्लास्टिक झोला व्यवस्थापनमा एक दशक अघि नै सुरू गरेको सुइरो कार्यक्रम र यस अभियानमा उनीहरूले प्राप्त गरेको सफलतालाई हामीले कम आक्नु मिल्दैन । अहिले धनकुटा नगरपालिका, वालिङ नगरपालिका, तिलोत्तमा नगरपालिका, घोराही नगरपालिका र तानसेन नगरपालिका लगायतका स्थानीय तह जुन अभ्यासबाट फोहोर व्यवस्थापनमा जुटेका छन् ती अनुसरणीय छन् ।

फोहोर मैला व्यवस्थापनमा स्थानीय तहको भूमिका अभिभावकीय हुने निष्कर्ष हामीले निकाल्दै गर्दा हामी सबैको सहयोग, समर्थन, समन्वय र सहकार्य बिना स्थानीय तह एक्लैले फोहोर मैला व्यवस्थापन गर्न नसक्ने यथार्थतालाई भुल्नु हुँदैन । देश र आफ्नो नगरलाई डम्पिङ साइट बन्नबाट रोक्ने हो भने आफ्नै पालामा मुलुकमा सम्बृद्धि र परिवर्तन चाहने हामीले सुरू आफैबाट किन नगर्ने ?

***प्रशासन अनलाइनबाट***

## सांसद पदम ...

स्वयं विश्व बैकले कृषि क्षेत्रमा गरेको सहयोगमा भएको व्यापक अनियमितता तथा भ्रष्टचार गर्ने पदाधिकारीहरूको नाम समेत किटानी गरि कारवाहीको लागि नेपाल सरकारको ध्यान आकृष्ट गर्दा पनि हालसम्म पनि दोषीहरूलाई कारवाही गर्न नसक्नु सरकारको निकम्मापन भएको कांग्रेस नेता चौधरीको भनाइ छ ।

'दातृ नियकाबाट प्राप्त हुने अनुदानलाई सही रूपमा सदुपयोग गर्न र भ्रष्टचार तथा अनियमिततालाई नियन्त्रण गर्न सरकारलाई सचेत गर्दछौं', संसदमा कृषि मन्त्रालयमा संयोजन गर्ने जिम्मेवारी पाएका सांसद एवम् कांग्रेस नेता चौधरीले भने, 'तत्काल दोषीलाई कानुनी कारवाहीको जोडदार माग गर्दछौं ।'

एकातिर किसानहरूलाई सयममै आवश्यक मलखाद, वीउ विजनहरु उपलब्ध गराउनु नसक्नु, अर्कोतिर भ्रष्टचारमा लिप्त हुनु, सरकारको यस किसिमको गैरजिम्मेवार र लज्जास्पद कार्यको घोर भर्त्सना गर्दछौं', विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयमा भएका भ्रष्टाचारका समाचारप्रति बालुवाटारले ध्यान नदिएको आरोप छ । कांग्रेसले भ्रष्टाचारविरूद्ध आवाज उठाउँदै आएको छ ।

## गोलबजारलाई ...

*खानेपानी पुऱ्याए । मेरैं अध्यक्षतामा खानेपानी उपभोक्ता समिति गठन गरे । २०५८ सालमा पानी टंकी निर्माण गरेर बजारमा धारा जडान गरी खानेपानी सुविधा उपलब्ध गराए । व्यापार समितिमा २ करोड भन्दा बढी आम्दानी रकम खातामा जम्मा भएपछि २०६४ सालबाट नेतृत्व अरूलाई सुम्पिए । त्यसपछि सामाजिक काममा तल्लिन भए । अहिले माओवादी केन्द्रबाटगोलबजार नगरपालिकाको मेयरमा निर्वाचित भए । २०२९ सालमा अग्रिम ज्याला अभियान चलाएर बामपन्थी राजनीतिमा प्रवेश गरेका साहले असोज २ गते भएको स्थानीय तह निर्वाचनमा जित हासिल गरेर बामपन्थी किल्लालाई डगमगाउन दिएनन् । पकड कायम राख्न सफल भए ।*

*पहिलो निर्वाचित मेयर साहले खेलकुद विकासका लागि जिल्लामैं नभएको स्टेडियम (खेलग्राम) निर्माण, कबर्ड हल निर्माण थालेका छन् । जयगोविन्द साह कृषि प्राविधिक केन्द्र स्थापना गराउन तल्लिन साहले नगर क्षेत्रलाई पक्की सडक सञ्जालमा लगभग जोडिसकेका छन् । आर्थिक विकास नै नगरको समृद्धि लगायतकाममा अग्रसर हुने साहले प्रतिबद्धता व्यक्त गरे ।*

## कोरोना...

व्यवस्थापन गर्न खोज्दा अनावश्यक विरोध भएपछि जनप्रतिनिधिहरूले पनि दुःख व्यक्त गरेका छन् ।

सिरहामा कोरोना संक्रमितको कारणले मृत्यु हुनेको संख्या ६ पुगेको छ । ८ भदौमा लहान नगरपालिका २४ का २२ वर्षीय पुरुष, ३ भदौमा मिर्चैया नगरपालिकाका ६० वर्षीय पुरूष, २९ साउनमा विष्णुपुर गाउँपालिकाका ४० वर्षीय पुरूष र २२ साउनमा गोलबजार नगरपालिकाका २३ वर्षीय पुरूषको मृत्यु भएको थियो ।

**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**पत्रिका मागेर होइन , किनेर पढ्ने बानी बसालौं ।**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)